तादी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ६ मिति : २०८०।१२।२९

भाग – २

**तादी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खरानीटार, नुवाकोट**

वागमती प्रदेश, नेपाल

## लैङ्गिक हिंसा निवारण कोष (संचालन) नियमावली २०८०

(तादि गाउँ कार्यपालिकाबाट पारित तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।)

**प्रस्तावना** :

लैङ्गिक हिंसा निवारण कोष (संचालन) नियमावली-२०७६ तथा लैङ्गिक हिंसा निवरण कोष स्थापना र विस्तारका लागि शसर्त अनुदान रकम खर्च सम्बन्धि मापदण्ड २०७६ को अधिनमा रही तादी गाउँपालिका प्रशासकीय कार्य विधि नियमित गर्न बनेको ऐन २०८० को दफा ४ ले दिएको

अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले लैङ्गिक हिंसा निवारण कोष (संचालन) नियमावली २०८० बनाई लागू गरेको छ ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**(क) यस नियमावलीको नाम **लैङ्गिक हिंसा निवारण कोष (संचालन) नियमावली २०८०** रहेको छ ।

(ख) यो नियमावली गाउँ कार्यपालिकाले स्वीकृत गरी गाउँपालिका अध्यक्षले प्रमाणिकरण गरेको मितिबाट लागू हुनेछ ।

(ग) यो नियमावली तादी गाउँपालिका भरी लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस नियमावलीमा,

(क) "गाउँपालिका" भन्नाले तादी गाउँपालिकालाई जनाउनेछ ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिमको कोषलाई जनाउनेछ ।

(ग) "पिडित" भन्नाले लैङ्गिक हिंसाबाट पिडित व्यक्तिलाई जनाउनेछ ।

(घ) "घरेलु हिंसा" भन्नाले कुनै पनि व्यक्तिले घरेलु सम्बन्ध भएकै कारण अर्को कुनै व्यक्तिलाई शारीरिक, मानसिक, यौनजन्य तथा आर्थिक यातनालाई जनाउनेछ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसै प्रति भेदभाव वा अन्यापूर्ण कार्य सम्भनुपर्दछ सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमान जन्य पिडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित हुने कुनै पनि कार्य समेतलाई जनाउछ ।

(च) "कोष" भन्नाले यस नियमावली बमोजिमको कोषलाई जनाउनेछ ।

**३. कोषको स्थापना :** यस नियमावली बमोजिमको कोषमा देहाय बमोजिमको कोष रकम जम्मा गरिनेछ ।

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(ख) गाउँपालिकाको गाउँ सभाबाट विनियोजन भएको रकम, (ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,

(घ) बैंक खातामा रहेको मौजातबाट प्राप्त हुने रकम ।

**४.कोषमा गर्ने उपयोग :**

(१) कोषमा रहेको रकम देहाय बमोजिमको अवस्थामा बाहेक खर्च गर्न पाइने छैन ।

(क) पिडीतको तत्काल उद्धार गर्न,

(ख) पिडीतलाई औषधी उपचार गर्न,

(ग) पिडीतलाई तत्काल उपचार गराउँदा लागेको खर्च पिडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पिडीतको स्वास्थ्य उपचार गर्न,

(घ) पिडीतलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

(ङ) सीप मूलक तालिम प्राप्त पिडीतलाई स्वरोजगारको लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्राप्त गर्न,

(च) पिडीत र प्रभावितलाई पुनःस्थापना गर्न,

(छ) आपतकालीन महिला सुरक्षा सेवा केन्द्र संचालनको लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आनवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम उपलब्ध गराउन,

(ज) अपराध पिडीत महिलालाई संरक्षण गरी समाजमा पुनःस्थापना गर्न,

**५. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** : घरेलु हिंसा पिडीत महिलालाई संरक्षण गर्न नियम ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि संचालक समितिले लैङ्गीक हिंसाबाट पिडीत बालबालिका तथा किशोर किशोरी वा लैङ्गीक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुव्यर्सनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिनेछ ।

**६. कोषको रकम खर्च गर्न नसकिने :**

नियम ४ मा लेखिएको बाहेक कोषको रकम अन्य प्रयोजनको लागि खर्च गर्न सकिने छैन । नियम ४ (उप नियम (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि संचालक समिति र राहत समितिको सचिवालय तथा वैठक संचालन गर्न लाग्ने खर्चको लागि कोषको उपयोग गर्न बाधा पर्ने छैन ।

**७. कोष संचालन समितिको गठन :**

यस नियमावली बमोजिमको कोष संचालनका लागि देहाय बमोजिमको एक कोष संचालक समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संरक्षक

(ख) उपाध्यक्ष - संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(छ) इलाका प्रहरी कार्यालयको प्रतिनिधि - सदस्य

(ज) महिला बालबालिका शाखा प्रमुख - सदस्य सचिव

**८. समितिको काम कर्तव्य र अधिकार :** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लैङगीक हिंसा पिडीत र प्रभावको उद्धार गर्ने पुनस्थापना गर्ने राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

(ख) लैङ्गीक हिंसा पिडीत र प्रभावको पहिचान गर्ने वास्तविक पिडीत तथा प्रभावका राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) स्वीकृत कार्यक्रम कार्यन्वयन भए नभएको अनुगमन गर्ने,

(घ) स्वीकृत कार्यक्रम लागि कोष परिचालन गर्ने गराउने,

(ङ) समितिबाट गरिने कार्यक्रम कार्यन्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) लैङ्गीक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय गर्ने,

(छ) समितिलाई तत्काल आवश्यक पर्ने क्षेत्रमा काम गर्ने निकाय सँग समन्वय गर्ने,

(ज) कोषको रकम वृद्धिको लागि स्रोत खोजी गर्ने,

(झ) लैङ्गीक हिंसा पिडीत तथा प्रभावित सम्बन्धि अन्य काम गर्ने गराउने ।

**९. समितिको वैठक र निर्णय :**

(क) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ,

(ख) समितिको वैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(ग) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा सदस्यहरु उपस्थित भएमा समितिको वैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) समितिको वैठकको अध्यक्षता संयोजकले गर्नेछ,

(ङ) समितिको वैठकको अध्यक्ष समितिको संयोजक अनुपस्थित भएमा सोको अध्यक्षता प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ,

(च) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिको निर्णयक मत दिनेछ,

(छ) समितिले आवश्यकता अनुसार गाउँसभा र गाउँ कार्यपालिकाका कुनै पदाधिकारीहरुलाई आमन्त्रित रुपमा निमन्त्रणा गर्न सक्नेछ,

(ज) समितिको निर्णय समितिको संयोजकले प्रमाणित गर्नेछ,

(झ) समितिको वैठक सम्बन्धि अन्य कार्य विधि समितिले आफै व्यवस्थित गर्न सक्नेछ ।

(ञ) लैङ्गीक हिंसाको सम्बन्धमा गाउँ सभा र गाउँ कार्यपालिकाले स्वीकृत गरेका नीति कार्यक्रम र योजनाको लागि कोषको रकम प्रयोग गर्ने,

(ट) पिडीतलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराउन कार्यालयको नाममा रकम निकाशा गर्ने,

(ठ) गाउँपालिका भित्र घटेका लैङ्गीक हिंसाको अभिलेख राख्ने अभिलेख सुची अद्यावधिक गर्ने,

(ड) लैङ्गीक हिंसा निवारणका लागि अन्य काम गर्ने ।

**१०. खाता संचालन :**

(१) कोषको रकम समितिको निर्णय बमोजिम हुने वा गाउँपालिकाले तोकिएको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**११. कोषको लेखा र लेखा परीक्षण :** कोषको लेखा र लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**१२. कोषको रकम फ्रिज नहुने :** कोषकोरकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा उक्त बजेट फ्रिज हुने छैन ।

**१३. प्रतिवेदन सम्बन्धी व्यवस्था :**

समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**१४. वैठक भत्ता :** समितिका संयोजक लगायत सदस्यहरुको वैठक भत्ता प्रचलित स्थानीय कानुन बमोजिम हुनेछ ।

**१५. कोषको सचिवालय** : कोषको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

**१६. अभिलेख राख्ने :** समितिले आफुले गरेको कामको अभिलेख चुस्तदुस्त राख्नेछ ।

**१७. निर्देशन दिन सक्ने :** गाउँ कार्यपालिकाकाले समितिलाई कोष संचालन तथा अन्य कुनै कामकारवाहीको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ सो निर्देशन पालना गर्नुपर्ने दायित्व समितिको हुनेछ ।

**१८. कोषको खारेजी :** कोषको खारेज गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

**१९. राहत तथा आर्थिक सहयोगका लागि निवेदन दिन सक्ने :**

(१) यस नियमावली बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडीत तथा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनसिव कारण खुलाई गाउँपालिका कार्यालयमा निवेदन दिन सक्नेछ ।

(२) यसरी नियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पिडीत तथा प्रभाववितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार देखिएमा नियमावलीको २१ दफालाई १० पछिको दफामा राख्ने बमोजिमको कोष संचालक समितिको निर्णय गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा २ बमोजिम सहयोग उपलब्ध गराउनुपर्ने मनासिव आधार देखिएमा कोष संचालक समितिबाट पछि अनुमोदन गराउने गरी संयोजकले तत्काल उपलब्ध गराउनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाँचबुझ गर्दा पिडीत तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनुपर्नेछ ।

**२०. संसोधन :** यस नियमावलीको संसोधन आवश्यकता अनुसार गाउँ कार्यपालिकाले गर्नेछ,

**२१. बाधा अड्काउ फुकाउने अधिकार :** यस नियमावली कार्यान्वयन कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने अधिकार कोष संचालक समितिको सिफारिसको गाउँ कार्यपालिकामा रहनेछ ।

**२२. प्रचलित कानुन बमोजिम :** महिला हिंसा निवारण सम्बन्धि व्यवस्था यस नियमावलीमा लेखिएमा सोही नियमावली बमोजिम हुनेछ भने अन्य व्यवस्था अन्य प्रचलित कानुन बमोजिम हुनेछ । साथै यस नियमावलीको कुनै व्यवस्था संघीय कानुन र प्रदेश कानुन सँग बाझीन गएमा बाझीएको हद सम्म यसै नियमावलीको व्यवस्था नै अमान्य हुनेछ ।

**आज्ञाले**

**नन्द लाल शर्मा**

**प्रमुख प्रशासकीय अधिकृत**